# सानीभेरी गाउँपालिका मदिरा विक्रि वितरण, व्यवस्थापन तथा नियमन कार्यविधि,२०७५

मिति २०७५।०७।०८

प्रस्तावनाः

सानीभेरी गाउँपालिका क्षेत्रभित्र अवैध रुपमा मदिरा उत्पादन, विक्री वितरणमा रोकथाम गर्नुका साथै मदिरा विक्री बितरण कार्यलाई व्यवस्थित र नियमन आवश्यक देखिएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेकोछ।

परिच्छेद– १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिका नाम "सानीभेरी गाउँपालिकाको मदिरा विक्रिवितरण, व्यवस्थापन तथा नियमन कार्यविधि,२०७५रहेकोछ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु हुनेछ।

२. परिभाषाः (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निदेशिकामा

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई संझनुपर्दछ।

(ख) "गाउँपालिका" भन्नाले सानीभेरी गाउँपालिकालाई सम्झनुपर्दछ।

(ग) "कार्यपालिका" भन्नाले सानीभेरी गाउँपालिकाको गाउँ कार्यापालिकालाई सम्झनुपर्दछ।

(घ) "कार्यालय" भन्नाले सानीभेरी गाउँपालिका रहेको कार्यालयलाई सम्झनुपर्दछ।

(ङ) "मदिरा" भन्नाले फलफूल वा अन्न कुहाई वा अन्य कुनै तरिकाले तयार पारिने विदेशी वा स्वदेशी सबै किसिमको रक्सी र बियरसमेतलाई जनाउँछ।

(च) "डिलरवाला भन्नाले" सानीभेरी गाउँपालिका भित्र रक्सीको थोक बिक्री गर्ने अनुमती प्राप्त बिक्रेतालाई सम्झनु पर्दछ।

(छ) "होटल" भन्नाले भोजन खानपिनको प्रबन्ध भई वा नभई बसोबासको सुबिधादिने गरि व्यवसायिक आधारमा चलाइएको होटल सम्झनुपर्दछ र सो शब्दले रेष्टुरांसमेतलाई जनाउँछ।

(ज) "सभा" भन्नाले सानीभेरी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

(झ) "अध्यक्ष" भन्नाले सानीभेरी गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनुपर्दछ।

(ञ) "उपाध्यक्ष" भन्नाले सानीभेरी गाउँपालिकाको गाउँपालिका उपाध्यक्ष सम्झनुपर्दछ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सानीभेरी गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको अधिकारी संझनु पर्दछ।

(ड) वडा "अध्यक्ष" भन्नाले सानीभेरी गाउँपालिकाका विभिन्न वडाबाट निर्बाचित वडाअध्यक्ष सम्झनुपर्दछ।



नरबहादुर पुन
अध्यक्ष

(ढ) "सचिव" भन्नाले सानीभेरी गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ। वडाकोहकमा सम्बन्धित वडा सचिव लाई सम्झनु पर्दछ।

(ण) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले गाउँपालिकाले समयमा निर्णय गरी तोकिएको वा तोकिए वमोजिम संम्झनुपर्दछ।

(त) "समिति" भन्नाले प्रत्येक वडामा गठित वडास्तरिय मदिरा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ।

(थ) "मूलसमिति" भन्नाले सानीभेरी गाउँपालिकामा गठित सानीभेरी गाउँपालिकाको मदिरा विक्रि वितरण व्यवस्थापन तथा नियमन समितिलाई सम्झनु पर्दछ।

(द) "अनुमति पत्र" भन्नाले मदिरा उत्पादन विक्रि वितरण निकासी, पैठारी गर्न दिएको अनुमति पत्र सम्झनुपर्छ।

(ध) "मदिरा विक्री वितरण नियन्त्रण" भन्नाले कुनै व्यक्तिले अनुमति पत्र बेगर अनुमति पत्र पाएकाले पनि अनुमतिमा तोकिएको शर्त बमोजिम वहेक मदिरा विक्री, वितरण गर्न वा मदिरा खुवाउने वार वा रेष्टुरेन्ट वा पसल थाप्न पाइने छैन।

## परिच्छेद-२
## समिति गठन सम्बन्धि व्यवस्था

३. मदिराको विक्री वितरणलाई व्यवस्थित गर्न देहाएको मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन मूल समिति गठन गरिने छ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक
(ख) उपाध्यक्ष -सदस्य
(ग) वडा अध्यक्षवाट गाउँपालिका अध्यक्षले तोकेका -५ जना
(घ) प्रहरी चौकी इन्चार्ज -सदस्य
(ङ) होटेल व्यवसायीहरुको छाता संगठनको अध्यक्ष -सदस्य
(च) मदिरा नियन्त्रण सम्वन्धि कार्यरत नागरिक संघसंस्था,आमा समुहबाट(कम्तिमा १ जना महिला सहित) गाउँपालिका अध्यक्षले तोकेको २ जना -सदस्य
छ) गाउँपालिकास्तरीय उद्योग वाणिज्य संघको अध्यक्ष -सदस्य
ज) गाउँपालिकास्तरीय मदिरा व्यवसाय समितिको अध्यक्ष -सदस्य
(छ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

५. मूल समितिको काम कर्तव्य र अधिकार क) मदिराको बिक्री बितरणलाई व्यवस्थित गरि गाउँपालिकामा हुने विकृति विसंगतिलाई रोक्न आवश्यक कार्य गर्ने गराउने।

ख) वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने।

ग) मदिराको विक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस कार्यविधिलाई कडाइका साथ लागु गर्ने गराउने।



नरबहादुर पुन
अध्यक्ष

घ)  यो कार्यविधि विपरीत मदिरा बिक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गर्न लगाउने।

ङ)  मदिरा बिक्री वितरण व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने।

च)  वडा समितिको काम कारवाहीको अनुगमन गर्ने।

६.  मदिराको विक्री वितरणलाई व्यवस्थित गर्न प्रत्येक वडामा देहाए बमोजिम वडा स्तरीय मदिरा व्यवस्थापन समिति गठन हुनेछ।

(क) सम्वन्धित वडाको वडा अध्यक्ष – संयोजक

(ख) सम्वन्धित वडाका वडा सदस्यहरु – सदस्य

(ग) वडा प्रहरी कार्यालयको इन्चार्ज वा निजले तोकेको प्रहरी कर्मचारी – सदस्य

(घ) सम्वन्धित वडाका टोल आमा समुहका अध्यक्षहरु मध्येवाटसंयोजकले तोकेको ३ – सदस्य

(ङ) सम्बन्धित वडाका नागरिक संगठन, संघ संस्थाको प्रतिनिधि मध्ये वडा अध्यक्षले तोकेको व्यक्ति – सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव – सदस्य सचिव

७.  **वडा स्तरीय मदिरा व्यस्थापन समितिको काम कर्तब्य र अधिकारः**

क)  वडामा यस कार्यविधि वमोजिम मदिरा बिक्री वितरण, सेवन भएको छ छैन ? सो को अनुगमन गरी त्यसको जानकारी मूल समितिलाई दिने।

ख)  यस कार्यविधिमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

ग)  यस कार्यविधिको पालना नगर्नेलाई यस कार्यविधि वमोजिम जरिवाना गर्ने। जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने।

घ)  समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने।

ङ)  यस कार्यविधि वमोजिम आफुले गर्नु पर्ने अन्य कार्य गर्ने।

## परिच्छेद-३

## मदिरा व्यवस्थापन कोष सम्बन्धि व्यवस्था

८.  यस कार्यविधि विपरित मदिरा विक्री वितरण र सेवन गर्ने ब्यक्तिबाट यस कार्यविधि बमोजिम उठेको जरिवाना रकमको ५० प्रतिशत वडा समितिमा र ५० प्रतिशत यस समितिको बैंकमा खाता खोली छुट्टै कोष स्थापना गरिनेछ।

क) कोषको संचालन मदिरा व्यवस्थापन कोषको संचालन गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन इकाई प्रमुख वा निजले ताकेको कर्मचरीको संयुक्त दस्तखतबाट गरिनेछ। वडामा रहेको ५० प्रतिशत रकम वडाले समितिको नाममा खाता खोली, समिति संयोजक तथा सदस्य सचिवको संयुक्त दस्तखतवाट संचालन गरि आवश्यकता अनुसार खर्च गर्न सक्नेछ।



नरबहादुर पुन
अध्यक्ष

ख) वडा स्तरीय मदिरा व्यस्थापन समितिले जरिवानावाट उठाएको रकम यसै कोषमा दाखिला गर्नु पर्नेछ।

९. कोषको रकम खर्च गाउँपालिकापलिकाको निर्णय अनुसार देहाए वमोजिम खर्च गरिनेछ।

क) गम्भिर रोग लागेका तर आर्थिक अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तिलाई आर्थिक सहयोग गर्ने।

ख) घरेलु हिंसामा परेका महिलाहरुलाई आवश्यक जिवीकोपार्जनका लागिआवश्यक सहयोग गर्ने।

ग) बेवारिसे ब्यक्ति मरी लाश सदगद गर्नु परेमा।

घ) गाउँपालिकापलिकाले उचित ठहर्‍याएको अन्य समाजिक सेवामा।

ड) मदिरा सेवन विरुद्धका जनचेतनामुलक कार्यक्रमहरुमा।

## परिच्छेद-४

## मदिराको बिक्री वितरण र व्यवस्थापन सम्बन्धि व्यवस्था

१०. मदिराको विक्री वितरण गर्दा समाजिक शान्ति सुव्यवस्थामा अमन चयन नखल्वलिने, घरेलु हिंसा, समाजमा झै– झगडा नहुने र शान्ति कायम हुने गरि मात्र गर्नु पर्नेछ।

क) मदिराको विक्री वितरण गर्दा थोक विक्रेताले विहान ८ वजे देखी वेलुकी ७ वजे सम्म, खुद्रा विक्रेताले विहान ९ वजे देखी वेलुकी ८ वजे सम्म र विर्को खोली मदिरा व्यवसाय गर्नेले दिउंसो ५ वजे देखी रात्री ९ वजे सम्म मात्र बेच विखन गर्न पाइनेछ।

ख) सानीभेरी गाउँपालिकाको वजार क्षेत्र वाहेकको हकमा ,सार्वजनिक स्थान, विद्यालय, स्वास्थ्य संस्था, मंन्दिर जस्ता धार्मिक तथा सामाजिक महत्वका स्थानवाट १०० मिटर भित्र वेचविखन गर्न पाईने छैन।

ग) मदिरा विक्री वितरणको कारोवार गर्न अनुमति लिएकाहरुले सो वाहेक सोहि ठाउंमा अन्य व्यवसायको कारोवार गर्न पाउने छैन।

घ) किराना, खाद्यान्न, तरकारी, औषधि, मासु, कपडा, फलफुल लगायतका कुनै पनि पसलवाट मदिरा विक्री वितरण गर्न पाईने छैन।

ङ) होटेल रेष्टुरेन्टले मदिरा प्रत्यक्ष वाहिर प्रदर्शन हुने गरि राख्न पाईने छैन।

च) मदिराको स्विकृति लिएका होटेलहरुमा खाना वास क्षेत्र वाहेक मदिरा सेवन रेष्टुरेन्ट अलगै हुनु पर्नेछ।

छ) २० वर्ष भन्दा मुनीका व्यक्तिलाई मदीरा विक्री वितरण र ओसार पसारगर्न गराउन पाईने छैन।

ज) इजाजत पत्र बहाले मदिराको प्रत्येक बोटलको र विक्रोमा पर्ने गरी अन्तशुल्क टिकट टाँस गरेको हुनुपर्दछ।

झ) मदिरा खरिद विक्रि गर्नेले मदिरा खरिद विक्रि गरेको विवरण राख्नु पर्ने छ।



नरबहादुर पुन
अध्यक्ष

ञ) मदिरा विक्रि वितरण गर्ने इजाजत पत्र वाहले इजाजत पत्र सबैले देख्ने गरी कारोबारो स्थलमा राख्नुपर्नेछ।

ट) कसैले पनि पलाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा विक्री बितरण गर्न पाईनेछैन ।

ठ) समुदायको धर्म, संस्कार, चाडपर्वलाई मात्र ध्यान दिएर सम्बन्धित पक्षबाट वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई अनुरोध हुन आएमा सामाजिक शान्ति, सुव्यवस्थामा अमनचयन नखलबलिने, घरेलु हिंसा, समाजमा झै-झगडा नहुने र शान्ति कायम हुनेगरी मात्र वडा स्तरीय मदिरा व्यवस्थापन समितिको निर्णयमा समय सिमा तोकि मदिरा प्रयोग गर्न दिन सकिनेछ।

## परिच्छेद-५

## कारवाही र जफत सामानको विक्रीसम्बन्धि व्यवस्थाः

११. **कारवाही र जफत सामानको विक्री सम्बन्धी ब्यबस्थाः-** यो कार्यविधि विपरित मदिरा विक्री वितरण गरेमा देहाए वमोजिम जरिवाना गरिनेछ।

क) कुनै व्यक्तिले यस निर्देशिका र प्रचलित कानून विपरित मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकको कर्मचारीले जफत गर्नेछ।

ख) उपखण्ड (क) बमोजिम जफत गरेको मदिरामध्ये गुणस्तरयूक्त मदिरा तोकिए बमोजिम प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकको कर्मचारीले लिलाम बिक्री गर्नु पर्नेछ।

ग) यस निर्देशिका र प्रचलित कानून बिपरित मदिरा कारोबार गर्न प्रयोग गरिएको सवै समानहरु प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकको कर्मचारीले जफत गरी तोकीए बमोजिम लिलाम बिक्री गर्नेछ। तर सवारी साधनको हकमा सवारी धनीको मंजुरी रहेनछ भने त्यस्तो सवारी साधन जफत हुने छैन।

ग) यस कार्यविधि र प्रचलित कानून कार्यान्वयनको लागि गाउँपालिकाले मागेको सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासन र सरोकारवाला अन्य निकाएको कर्तव्य हुनेछ।

१२) यो कार्यविधि र प्रचलित कानून विपरित मदिरा विक्री वितरण गरेमा देहाए वमोजिम जरिवाना गरिनेछ।

क) पहिलो पटक रु. ५०००/- जरिवाना

ख) दोश्रो पटक रु. १०,०००/- जरिवाना

ग) तेश्रो पटक रु. २०,०००/- जरिवाना

घ) सो भन्दा वढी पटक भएमा इजाजत पत्र खारेज गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ।



नरबहादुर पुन
अध्यक्ष

१३. **जरिवान सम्बन्धि व्यवस्थाः** (१) यस कार्यविधि विपरित मदिरा सेवन गरि समाजमा शान्ति सुव्यवस्था अमन चयन खल्वल्याउने, झै-झगडा गर्ने, हो हल्ला गर्ने जस्ता कार्य गरेको-हिडेकोपाइएमा देहाए बमोजम जरिवाना गरिनेछः-

क) पहिलो पटक लाई रु. १०००/- जरिवाना

ख) दोश्रो पटक लाई रु. २०००/- जरिवाना

ग) तेश्रो पटक लाई रु. ५०००/- जरिवाना

घ) सो भन्दा वढी पटक भएमा १०,०००/- जरिवाना गरिनेछ।

(२)सानीभेरी गाउँपालिका कार्यालयमा कार्यरत कर्मचारी तथा स्वयमसेवीका, विद्यालयका शिक्षक-शिक्षिका, आमा समुह लगायतले विना ईजाजत वा अनुमति विना मदिरा वेचविखन गरेमा तथा कर्मचारीले कार्यालय समयमा सेवन गरेको पाईएमा शत प्रतिशत जरिवाना थप गरी विभागीय कारवाही समेत गरिनेछ।

(३)यदी कुनै व्यक्तिले उपरोक्त अनुसारको जरिवाना तिर्न इनकार गरेका निजलाई वडा कार्यालय तथा गाउँपालिकावाट प्राप्त सेवा सुविधा रोक्का राखी कार्यवाही गर्न सक्नेछ।

(४)वडा कार्यालयवाट मदिरा व्यवसायका लागी सिफरिस माग गर्दा टोल विकास संस्थाको सिफरिस,आमा समुहको सिफारिस तथा सर्जमिन मुचूल्का अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

१४. **गाउँपालिका वासीको कर्तब्यः** यो कार्यविधिलाई परिपालन गर्नु गराउनु प्रत्येक गाउँपालिकाबासीको कर्तब्य हुनेछ।

१५. कार्यविधि अन्तर्गत रहि यो निर्देशिका कार्यन्वयन गर्न गाउँपालिकापलिकाले अन्य आवश्यकता अनुसार आदेश जारी गर्न सक्नेछ।

१६. मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमनका लागी गाउँपालिकाले आवश्यकता अनुसार मापदण्ड बनाई लागू गर्न सक्नेछ।



नरबहादुर पुन
अध्यक्ष